अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।११।२७ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

**जिल्ला महोत्तरी, सम्सी गाउँपालिका तत्कालिन अध्यक्ष शेष फारुक,तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहिबुल अंसारीसमेत १० जना उपर गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी आरोप-पत्र दायर।**

महोत्तरी जिल्ला, सम्सी गाउँपालिका वडा नं. ६ मा सञ्चालन भएका इसरानको घरदेखि पूर्व मोहनपुर जाने बाटोको ढलान योजना, बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरचोक सम्म पी.सी.सी. ढलानसमेतका योजनामा स्थायी इञ्जिनियरबाट कामकाज नगराई करारको इञ्जिनियरबाट इष्टिमेट र मूल्याङ्कन गराई अनियमितता गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा **आ.व २०७७/०७८ मा बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म पी.सी.सी. ढलान** र नाला निर्माण योजनाको लागत अनुमान स्वीकृत गरी सम्झौता गरेको, कार्यादेश दिएको, गलत नापी किताब, भुक्तानी सम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको, स्वीकृत लागत अनुमान बमोजिमको कार्य भएको भनी अनुगमन प्रतिवेदन दिएको, बिल अनुसारको भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको, प्रतिवादी श्यामकिशोर मण्डलले उक्त योजनाको लागत अनुमान तयार गरेको, गलत नापी किताब, बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, साथै प्रतिवादी ओम कुमार महतोले बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म योजनाको बिल अनुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन मुनासिव देखिएको राय सहितको टिप्पणी आदेश पेश गरेको र सोही योजनाको स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदन समेत दिएबाट बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म ढलान र नाला निर्माण उपभोक्ता समितिलाई रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तिस पैसा) बढी रकम भुक्तानी दिएको देखिँदा निज **प्रतिवादीहरु मोहिबुल अंसारी, श्याम किशोर मण्डल, ओम कुमार महतो**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुर गरेको हुदा बिगो रु.४,०३,५८१।३७ (चार

लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदाबी लिइएको छ।

साथै, प्रतिवादीहरु मोहिबुल अंसारी, श्यामाकिशोर मण्डल र  ओम कुमार महतोले वास्तविक रूपमा भएको कामभन्दा बढी परिमाणको काम भएको भनी गलत अनुगमन प्रतिवेदन दिएको देखिन आएको हुँदा निज **प्रतिवादीहरु मोहिबुल अंसारी, श्याम किशोर मण्डल र ओम कुमार महतोले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको समेत कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ।

**सम्सी गाउँपालिकाका तत्कालीन अध्यक्ष शेष फारुक र निजको श्रीमती सदरुन निसाले** बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण योजनाको बिल अनुसार भुक्तानी प्रक्रिया अगाडि बढाउन मुनासिव देखिएको रायसहितको टिप्पणी आदेश समर्थन गरेको, उक्त योजनामा स्वीकृत लागत अनुमान बमोजिमको कार्य भएको भनी अनुगमन प्रतिवेदन दिई सोहीबमोजिम उक्त योजनाको निर्माण उपभोक्ता समितिलाई रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सैतीस पैसा) बढी रकम भुक्तानी दिएको पुष्टि भएको हुँदा निज प्रतिवादी शेष फारुकले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम समेत कैद र जरिवानाको सजायको मागदावी लिनुपर्ने देखिए तापनि निज प्रतिवादीको मिति २०८०।०५।०४ गते मृत्यु भएको मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोले फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम निजउपर फौजदारी कसुरमा कैदको सजाय मागदावी लिनुपर्ने अवस्था नरहेता पनि निज उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२), सोही संहिताको दफा १५८ को उपदफा (२), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९क. र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ बमोजिम मृत्यु भएको प्रतिवादीको हकमा समेत मुद्दा चलाउन र सरकारी वा निजि विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले प्रतिवादी शेष फारुकको श्रीमती सदरुन निसा समेतबाट प्रतिवादी शेष फारुकले जिवित हुँदा माथि उल्लिखित कसूर गरी नेपाल सरकारलाई हानि पुर्याएको बिगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार

पाँच सय एकासी रुपैयाँ सट्तिस पैसा) असुल उपर हुन र विगो असुल उपर गर्ने प्रयोजनार्थ सदरुन निसा प्रतिवादी बनाउन माग दावी लिइएको छ।

**बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण अनुगमन समिति सदस्य पनु राय र विपिन विहारी यदुविरले** पी.सी.सी. ढलान र नाला निर्माण योजनाको निर्माण कार्य स्वीकृत लागत अनुमान बमोजिम भएको भन्ने व्यहोराको गलत अनुगमन प्रतिवेदन दिएको देखिँदा निज प्रतिवादीहरू पनु राय र विपिन बिहारी यदुविरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन माग दाबी लिइएको छ।

**बेचन पण्डित इसराफिल वडा सदस्यको घर हुँदै इदगाह देखि उमरपुर चौकसम्म सडक पी.सी.सी. ढलान र नाला निर्माण उपभोक्ता समितिका अध्यक्ष शेष सराहत, सचिव नाजना खातुन र कोषाध्यक्ष शेष समिउल्लाहले** उक्त निर्माण योजनामा वास्तविक रूपमा गरेको भन्दा बढी काम गरेको भनी झुटा नापी किताब, कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने, झुठ्ठा बिल भरपाई पेश गरी रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सतीस पैसा) बढी भुक्तानी लिएको देखिएको हुँदा निज **प्रतिवादीहरु शेष सराहत, नाजना खातुन र शेष समिउल्लाहले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु.४,०३,५८१।३७ (चार लाख तीन हजार पाँच सय एकासी रुपैयाँ सट्तिस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन माग दाबी लिइएको छ।

प्रवक्ता

नरहरि घिमिरे